# मिति २०७९ साल पुस १५ गतेका गाउँ कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. समिक्षा सम्बन्धमा ।

२. आ.व. ०८०/८१ को लागि संघ र प्रदेश सरकारमा पेश गर्ने समपुरक र विशेष अनुदानका योजना सम्बन्धमा ।

३. करार नविकरण सम्बन्धमा ।

४. करारमा कर्मचारी विज्ञापन सम्बन्धमा ।

५. चमेनागृह व्यवस्थापन सम्बन्धमा ।

६. खेलकुद समिति गठन सम्बन्धमा ।

७. एम्बुलेन्स कार्यविधि संशोधन सम्बन्धमा ।

८. दीर्घ रोगिहरुको सेवा सुविधा सम्बन्धमा ।

९. मतदाता शिक्षामा खटिने महिला स्वयंसेविकाहरुको पारिश्रमिक सम्बन्धमा ।

१०. लिखु ९ मा रहेको गेडुप छोलिङ् गुम्बाको लागि जग्गा प्राप्ति अनुमति सम्बन्धमा ।

११. खेलकुद आयोजना सम्बन्धमा ।

१२. गत आ.व.मा सञ्चालित ठेक्का सञ्चालित ठेक्का म्याद थप सम्बन्धमा ।

१३. शिक्षा समितिको प्रस्ताव सम्बन्धमा ।

१४. प्रधानमन्त्री रोगजार कार्यक्रम सम्बन्धमा ।

१५. विपद् व्यवस्थापन समितिको प्रस्ताव सम्बन्धमा ।

१६. विविध समसामयिक प्रस्तावहरु ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०८०/८१ मा कार्यान्वयन हुने संघीय तथा प्रदेश समपुरक तथा बिशेष अनुदानको लागि देहायका आयोजनाहरु प्राथमिकताको आधारमा प्रस्ताव पेश गर्ने तथा प्रस्तावित आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा प्रस्ताव प्रतिवेदनलाई स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**संघ तर्फ**

**समपूरक अनुदान तर्फ**

क) विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना (क्रमागत) - प्राथमिकता नं. १

ख) वडा नं. ३, ५ र ७ को कार्यालय भवन निर्माण आयोजना (क्रमागत) - प्राथमिकता नं. २

ग) जुकेखोला झगरे खाल्टे सिंचाई कुलो निर्माण आयोजना, लिखु ६ - प्राथमिकता नं. ३

घ) वडा नं. ४, ६ र ८ को कार्यालय भवन निर्माण आयोजना - प्राथमिकता नं. ४

**बिशेष अनुदान तर्फ**

क) दोबाटे मुहान हुँदै वृहत खानेपानी आयोजना, लिखु २ र १ - प्राथमिकता नं. १

ख) पोकलि आयुर्वेद भवन निर्माण आयोजना, लिखु ९ - प्राथमिकता नं. २

ग) नर्मदेश्वर पुरातात्विक महादेव मन्दिर संरक्षण आयोजना, लिखु ३ - प्राथमिकता नं. ३

घ) दुर्योचन्द्र खनुवा पोखरी निर्माण आयोजना, लिखु ७ - प्राथमिकता नं. ४

**प्रदेश तर्फ**

**समपूरक अनुदान तर्फ**

क) राङ्चा बाघखोर सडक निर्माण आयोजना, लिखु १ (क्रमागत) - प्राथमिकता नं. १

ख) भञ्ज्याङ् माहोरडाँडा सडक निर्माण आयोजना, लिखु ८, ९ (क्रमागत) - प्राथमिकता नं. २

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा गाउँपालिका तथा अन्तरगतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको २०८० असार ममान्त सम्म करार म्याद थप गर्ने तथा लोक सेवा आयोगबाट सिफारीस भई आएको अवस्थामा जुन पदमा तथा जुन मितिमा पदस्थापन हुन्छ सोहि पदमा कार्यरत करार सेवाको कर्मचारीको सोहि मितिबाट म्याद समाप्त हुने गरी तथा कार्य सम्पादन सन्तोषजनक नभएमा जुन अवस्थामा पनि करार सेवा रद्द हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिका तथा अन्तरगतका कार्यलयमा दरबन्दी अनुसार रिक्त रहेका आवश्यक देहायका कर्मचारीहरु सेवा करार मार्फत पदपूर्ती गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| क्र.स. | पद | तह | संख्या | सम्बन्धीत शाखा / कार्यालय / ईकाई |
|---|---|---|---|---|
| १ | ईन्जिनियर | छैटौं तह वा सो सरह | १ | पूर्वाधार विकाश शाखा |
| २ | प्राविधिक सहायक | पाचौं तह वा सो सरह | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ३ | फिल्ड सहायक | चौथो तह वा सो सरह | १ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण |
| ४ | कार्यालय सहयोगि | श्रेणि विहिन | १ | आयुर्वेद औषधालय, पोकलि |

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा चमेनागृह व्यवस्थापन कार्यविधि, २०७५ को नियम ३ अनुसार देहाय बमोजिम चमेनागृह व्यवस्थापन समितिको गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

संयोजक - टिका बहादुर क्याप्छाकी (वडा नं. ६, वडाध्यक्ष)

सदस्य - घन बहादुर कार्की (वडा नं. ४, वडाध्यक्ष)

सदस्य - शोकर्ण श्रेष्ठ (वडा नं. ३, वडाध्यक्ष )

सदस्य - रेनुका मगर (कार्यपालिका सदस्य)

सदस्य सचिव - रसना मगर (प्रशासन शाखा)

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा गाउँपालिका अन्तरगतका खेलकुद कार्यक्रम सञ्चालन गर्न, समग्र खेलकुद विकास सम्बन्धी नीति तथा कार्यविधि समेत मस्यौदा तयार गरी विधेयक समितिमा पेश गर्ने कार्यको लागि एक अन्तरिम खेलकुद विकास समिति निर्माण गर्ने र समितिको बैठक वापतको भत्ता पदाधिकारी बैठक शिर्षकबाट व्ययभार हुने गरी तथा मसलन्द एवम् अन्य आवश्यक सामाग्रि कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन हुने गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

संयोजक - पशुपति सुनुवार (कार्यपालिका सदस्य)

सदस्य - वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाबाट १, १ जना खेलप्रेमी

सदस्य सचिव - द्रोण कुमार धमला (सूचना प्रविधि अधिकृत)

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा एम्बुलेन्स सञ्चालन सम्बन्धमा देहायका निर्णय सर्वसम्मतबाट निर्णय गरियो ।

क) कार्यविधिको नियम ३ बमोजिमको एम्बुलेन्स सञ्चालन समिति गठन गर्ने ।

संयोजक - अशोक कुमार कार्की (अध्यक्ष)

सदस्य - विपना श्रेष्ठ (प्रशासन अधिकृत)

सदस्य - पुरुषोत्तम पौडेल (सामाजिक विकास समिति - संयोजक)

सदस्य - हिरा बहादुर कार्की (वडाध्यक्ष, वडा नं. १)

सदस्य - रत्न कुमारी रुपाचा (वडा सदस्य, वडा नं. ९)

सदस्य - पार्वति सार्की (वडा सदस्य, वडा नं. ७)

सदस्य सचिव - दिनानाथ चौधरी (स्वास्थ प्रमुख)

ख) एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ लाई हालको अवस्थालाई मध्यनजर गरी एम्बुलेन्स सञ्चाल समितिबाट संशोधन मस्यौदा तयार गरी विधेयक समितिमा पेश गर्ने ।

ग) हाल कार्यविधिले तोके बमोजिमको व्यवस्थामा एम्बुलेन्स सञ्चालन गर्ने ।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार कार्यान्वयन गर्ने तथा मन्त्रालयबाट सोधभर्ना उपलव्ध नभए सम्मका

लागि आर्थिक बर्ष ०७९/८० को स्वीकृत कार्यक्रम स्वास्थ्य सेवाको शसर्त तलव शिर्षक शिर्षकबाट व्ययभार हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा प्रतिनिधी तथा प्रदेश सभा निर्वाचन, २०७९ मा मतदाता शिक्षामा खटिने महिला स्वयंसेविकाहरुको पारिश्रमिक आर्थिक बर्ष ०७९/८० को स्वीकृत कार्यक्रम स्थानीय तहका स्वास्थ्य चौकी, प्र.स्वा.के र अस्पतालको प्रशासनीक खर्चबाट व्ययभार हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा लिखु ९ मा रहेको गेडुप छोलिङ् गुम्बाको लागि जग्गा प्राप्ति अनुमति तथा सिफारिस प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

११. **निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा खेलकुद आयोजना संचालन गर्न खेलकुद विकास समितिले प्रस्तावना तयार गरी कार्यलयमा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१२. **निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ बाट सञ्चालित Construction of 5 Bedded Multi Storey RCC Hospital Building (Type-3) आयोजनाको सम्झौता अनुसारको समयमा सम्पन्न हुन नसकेको व्यहोरा सहित सम्बन्धीत निर्माण व्यवसायीबाट मिति २०७९/०८/२३ गते निवेदन प्राप्त भएकोले प्रचलित कानूनको अधिनमा रही मिति २०८० जेठ मसान्त सम्म ठेक्का म्याद थप गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१३. **निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा मिति २०७९/०९/१४ गतेको गाउँ शिक्षा समितिको प्रस्तावलाई संशोधन सहित देहाय बमोजिम पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) दमाइटोल सिंहदेवी बा.वि.के. र इन्द्रज्योति बा.वि.के.मा विद्यार्थी संख्या न्युन भएकोले उक्त बा.वि.के.हरुलाई श्री ज्ञानज्योति माध्यमिक विद्यालयमा मर्ज गर्ने बिषयमा पुनः अनुगमन गरी निर्णय गर्ने ।

ख) यस लिखु गाउँपालिका वडा नं. ३ स्थित श्री भिमसेनस्थान माध्यमिक बिद्यालयमामा कार्यरत शिक्षक कृष्ण कुमार पाण्डेको मिति २०७९ असोज १५ गते भिरबाट लडेर असमाहिक निधन भएकोले मृतकको परिवारलाई भैपरी कोषबाट किरिया खर्च वापत् रकम रु. २५,०००।०० प्रदान गर्ने ।

ग) यस लिखु गाउँपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८० देखि कक्षा १ देखि ५ सम्म स्थानिय पाठ्यक्रम लागु गर्न तपशिल बमोजिम ७ सदस्यीय स्थानिय पाठ्यक्रम निर्माण समिति रहने र उक्त समितिले स्थानिय पाठ्यक्रम निर्माण सम्वन्धि सम्पूर्ण कार्य गर्ने ।

संयोजक - अशोक कुमार कार्की (अध्यक्ष)

सदस्य - पुरुषोत्तम पौडेल (सामाजिक विकास समिति, संयोजक)

सदस्य - लिलाराज श्रेष्ठ (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य - हरि कुमार कार्की (गाउँ शिक्षा समिति, सदस्य)

सदस्य - श्याम बाबु भट्टराई (शिक्षक)

सदस्य - भुवन कुमार रोका  (गाउँ शिक्षा समिति, सदस्य)

सदस्य - रचना मैनाली (शिक्षा अधिकृत)

घ) शिक्षण सहायता अनुदान कार्यविधि, २०७९ लाई स्वीकृत गर्ने ।

ङ) शिक्षा ऐन, २०७५ र शिक्षा नियमावली, २०७५ लाई आवश्यक संशोधन तथा प्र.अ. बैठकबाट आएका मागहरुलाई ऐन तथा नियमावलीमा समेट्न देहायको ५ सदस्यीय ऐन तथा नियमावली शंसोधन मस्यौदा समिति गठन गर्ने ।

संयोजक - पुरुषोत्तम पौडेल (सामाजिक विकास समिति, संयोजक)

सदस्य - रचना मैनाली (शिक्षा अधिकृत)

सदस्य - रेखा कुमारी तामाङ (गाउँ शिक्षा समिति, सदस्य)

सदस्य - विष्णु रुपाचा (प्र.अ., लाम्रांग आधारभूत बिद्यालय)

सदस्य - इला बहादुर मुदेल (कार्यपालिका सदस्य)

च) शिक्षा कार्यालयबाट भएको चेतना बाल बिकास केन्द्रको अनुगमन प्रतिवेदन पारित गर्ने । अनुगमन प्रतिवेदन यसै साथ संलग्न छ ।

**१४. निर्णय नं. १४,** प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा मिति २०७९/०९/१५ गतेको प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय निर्देशक समितिको निर्णायानुसार आर्थिक वर्ष २०७९/८० मा तपसिलका वडाहरुमा देहाय बमोजिमका रोजगार आयोजनाहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | वडा नं. | छनौट भएको आयोजनाको नाम | आयोजनाको प्रकृति | लाभग्राहि संख्या | संघिय बजेट | गाउँपालिकाको साझेदारी | आयोजनाको कुल स्वीकृत बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | १ | नौबिसे, तिनतले, वर्रो हुदै खोलाघारी घोरेटो वाटो निर्माण आयोजना, लिखु १ | कामका लागि पारिश्रमिक | ७ | ४,५६,४००।- | २०,०००।- | ४,७६,४००।- |
| २ | २ | कृषि सडक सोलिङ आयोजना, लिखु २ | कामका लागि पारिश्रमिक | ९ | ५,८६,८००।- | १,००,०००।- | ६,८६,८००।- |
| ३ | ३ | गोस्वा पँधेरो देखि स्वास्थ्य चौकी कृषि सडक मर्मत आयोजना, लिखु ३ | युवा रुपान्तरणका लागि पहल | ८ | ५,२१,६००।- | १,००,०००।- | ६,२१,६००।- |
| ४ | ४ | कुटिडाँडा, वाङ्गेपिपल, डाँडाँगाउँ, मचावारि | युवा रुपान्तरणका लागि पहल | ८ | ५,२१,६००।- | १,००,०००।- | ६,२१,६००।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छतिउने सडक मर्मत आयोजना, लिखु ४ | | | | | |
| ५ | ५ | खड्का खोला बसपार्क सडक स्तरोन्नती आयोजना, लिखु ५ | युवा रुपान्तरणका लागि पहल | ८ | ५,२१,६००।- | १,००,०००।- | ६,२१,६००।- |
| ६ | ६ | डाँडा टोल राम्चे डाँडा सडक स्तोरन्नती आयोजना, लिखु ६ | युवा रुपान्तरणका लागि पहल | ८ | ५,२१,६००।- | १,००,०००।- | ६,२१,६००।- |
| ७ | ८ | सिरिसे चिनेटार, डाँडा खर्क कोप्चे सडक स्तोरन्नती आयोजना, लिखु ८ | कामका लागि पारिश्रमिक | ९ | ५,८६,८००।- | १,४०,०००।- | ७,२६,८००।- |
| ८ | ९ | मल्खु, पोखरी कृषि सडक सोलिङ आयोजना, लिखु ९ | कामका लागि पारिश्रमिक | ८ | ५,२१,६००।- | १,००,०००।- | ६,२१,६००।- |

**१५. निर्णय नं. १५,** प्रस्ताव नं. १५ माथि आवश्यक छलफल गर्दा वातावरण तथा विपद् व्यववस्थापन समितिको मिति २०७९/०९/०१ गतेको बैठकको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो। समितिको बैठकको निर्णय यसै साथ संलग्न छ।

**१६. निर्णय नं. १६,** प्रस्ताव नं. १६ माथि आवश्यक छलफल गर्दा बैठकमा उठेका थप प्रस्ताव उपर देहाय बमोजिम निर्णय पारित गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) लिखु नदिबाट सञ्चालित स्वेतगंगा हाईड्रोपावरले IEE/EIA तथा नियमानुसार नदिमा छोड्नु पर्ने पानि नछोडिएकोले तत्काल नियमानुसार गर्न हुन तथा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी भएका तथा हुन बाँकि कार्यको विवरण लिखु गाउँपालिकाको कार्यालयमा ७ दिन भित्रमा पेश गर्न निर्देशन प्रदान गर्ने।

ख) जिल्ला प्रशासन कार्यालय ओखलढुंगा र जिल्ला मालपोत तथा नापि कार्यालय, ओखलढुंगाबाट प्रदान गरिएको सेवा तथा सुविधाहरुको सन्दर्भमा लिखु गाउँपालिका वडा नं. ८ र ९ को निर्णय अनुसार अब उपरान्त ईलाका प्रशासन कार्यालय, खिजिदेम्बा तथा ईलाका मालपोत तथा नापि कार्यालय, खिजिदेम्बाबाट प्रदान हुने गरी व्यवस्थापन मिलाउन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने। वडाको निर्णय यसै साथ संलग्न छ।

ग) कार्यालयको खरिदबाट प्राप्त ११ (एघार) वटा मोटरसाईकलमध्ये कार्यालय सञ्चालन तथा व्यवस्थापनार्थ प्रत्येक वडा कार्यालयका लागि १/१ वटा गरी ९ (नौ) वटा गाउँपालिकाको कार्यालयको लागि १ (एक) वटा र पुर्वाधार विकास शाखाको लागि १ (एक) वटा हुने गरी व्यवस्था मिलाउने।

घ) भक्त बहादुर खत्रीसँग खरिद गरिएको गाउँपालिकाको जग्गा रजिष्ट्रेसन पास कार्यको लागि वडा नं. ५ वडाध्यक्ष श्री घन बहादुर कार्कीलाई प्रतिनिधि पठाउने ।